# १०० दिनका उपलब्धिहरु

प्रस्तुतकर्ता

माननीय पद्‌मा जि.सी. श्रेष्ठ

मन्त्री

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय



गण्डकी प्रदेश सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पोखरा, नेपाल

# मन्त्रालय र मातहतका कार्यालयहरूबाट सम्पादित प्रमुख कार्यहरूको कार्यकारी सारांश

पदभार ग्रहण मिति- २०८१।०५।१७

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आ.व. २०८१।८२ को स्वीकृत पूर्वनिर्धारित बजेट र कार्यक्रमको सीमाभित्र रहेर वार्षिक कार्यक्रममा समावेश भएका कृषि र पशुपन्छी विकास, भूमि व्यवस्थापन तथा सहकारी क्षेत्रको सुधार तथा विकासका लागि गरिएका आवश्यक तयारी, मन्त्रालयबाट भएका विभिन्न नीतिगत तथा कानूनी व्यवस्था, संस्थागत सुधारका प्रयास, स्थलगत अनुगमन, निरीक्षण, निर्देशन बमोजिम मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट सम्पादन भएका १०० दिनको उपलब्धिहरू देहाय बमोजिम रहेका छन्।

## १. कृषि क्षेत्र

### क. नीतिगत तथा कानूनी उपलब्धि

- ❑ असल कृषि अभ्यास र प्रविधिको अवलम्बन गरी जलवायु अनूकुलन क्षमताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम कार्यान्वयन गर्न "जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" स्वीकृत गरिएको।
- ❑ प्राङ्गारिक कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्धन गरी उपयोगमा जोड दिँदै मानव स्वास्थ्यमा सुधार र पर्यावरणीय सन्तुलनमा टेवा पुऱ्याउने उद्देश्यले प्राङ्गारिक कृषि उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि "प्राङ्गारिक कृषि प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१" स्वीकृत गरिएको।
- ❑ सिट्रस ग्रीनिङ्ग रोगग्रस्त बोट हटाई पुन: रोपण सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि फलफूलबाली विकास सम्बन्धी आयोजना कार्यान्वयन मापदण्ड, २०८० संशोधन गरिएको।
- ❑ एसीयाली विकास बैंकको सहुलियतपूर्ण ऋण सहायतामा सञ्चालन हुने "Irrigation Modernization Enhancement Project" यस प्रदेशमा कार्यान्वयनका लागि सहमती प्रदान गरिएको।

- कृषकलाई बजारमुखी कृषि उत्पादनमा उत्प्रेरित गर्ने उद्देश्यले JICA को प्राविधिक सहयोगमा गण्डकी प्रदेशमा "The Project for the promotion of high value products through the SHEP Approach in Gandaki Province (Gandaki–SHEP)" आयोजना कार्यान्वयनका लागि सम्झौता गरिएको।

## ख. कार्यक्रमगत एवं संस्थागत उपलब्धी

- मन्त्रालय मातहत प्रदेशका दुईवटा मुख्य नाका तनहुँ जिल्लाको आँबुखैरेनी र स्याङ्जा जिल्लाको मालुङ्गामा स्थापित कृषि तथा पशुपन्छी नियमन इकाईहरु मार्फत प्रादेशिक कृषि आयात निर्यात तथ्यांक व्यवस्थापन सम्बन्धी कार्यको थालनी।
- प्रमुख रैथाने बाली (कोदो, फापर र उवा) को Nutrition Profiling कार्यको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, पोखरासँग समन्वय भएको, साथै नमूना संकलनका लागि क्षेत्र छनौटको तयारी।
- आलु खेती प्रवर्धनका लागि ८३० हेक्टर क्षेत्रफलमा खायन तथा प्रशोधनयोग्य आलु बाली लगाइएको । यसबाट अनुमानित १४,५२५ मे.टन. आलु उत्पादन भई ४३ करोड मूल्य बराबरको कारोबार हुने अपेक्षा।
- सार्वजनिक जग्गाको कृषिमा उपयोग सम्बन्धी सरोकारवाला हरुसँग अन्तरक्रिया कार्यक्रमबाट उक्त जग्गाको कृषिमा उपयोग सम्बन्धी ढाँचा तयार गरी सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय समक्ष प्रतिवेदन पेश गरिएको।
- खाद्यान्न तथा तरकारी बालीको २.६ मे. टन. मूल बीउ तथा ७.९ मे.टन प्रमाणित बीउ प्रमाणीकरण साथै विभिन्न बालीको बीउ उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गत पोखरा महानगरपालिका र जलजला गाउँपालिकामा पहिलो चरण अन्तर्गत सुन्तला बालीमा ४४२ रोपनी र कागती बालीमा कुल २४७ रोपनी गरी कुल ६८९ रोपनीका लागि फलफूल क्षेत्र विस्तार कार्यक्रम सञ्चालन साथै दोस्रो चरण अन्तर्गत कृषक छनौटका लागि २३५ हेक्टर क्षेत्रफलमा स्थलगत प्रमाणीकरण जारी।

- सुन्तलाजात फलफूल वगैंचामा सिट्रस ग्रीनिङ्ग रोग पहिचान गर्न PCR परीक्षणका लागि विभिन्न जिल्लाबाट नमूना सङ्कलन भई परीक्षण सम्बन्धी कार्य भइरहेको साथै माटोमा देखिने ढुसीजन्य रोग नियन्त्रणका लागि प्रयोग हुने ट्राईकोडर्मा ढुसीको कल्चर तथा संरक्षण कार्य गरिएको।
- विभिन्न फलफूल बालीको ३०५ हेक्टर क्षेत्रफल बगैंचा विस्तार तथा २९८ हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूल बगैंचाको सुदृढीकरण सम्बन्धी कार्यका लागि प्राप्त आवेदकहरूको स्थलगत प्रमाणीकरण कार्य जारी।
- विभिन्न स्थानको माटो, प्राङ्गारिक मल र सुक्ष्म तत्वको नमूनाको परीक्षण साथै माटो शिविर र नमूना परीक्षणबाट प्राप्त नतिजाका आधारमा खाद्यतत्व र कृषि चुन प्रयोगका लागि सिफारिस।
- प्रतिकूल मौसमका कारण बाली र पशुवस्तुमा हुन सक्ने सम्भावित क्षती न्यूनीकरणका लागि मौसम पूर्वानुमानका आधारमा गरिनुपर्ने कृषि गतिविधि र अपनाउनुपर्ने सावधानी समेटिने गरी साताको प्रत्येक शुक्रवार गण्डकी कृषि मौसम सल्लाह बुलेटिन प्रकाशन तथा प्रचार प्रसार।
- विगत लामो समयदेखि कृषि ज्ञान केन्द्र, मुस्ताङ्गको कार्यालय भवन कालिगण्डकी कोरिडोर (वेनी-जोमसोम-कोरला) सडक आयोजनाले प्रयोग गरेकोमा सम्बन्धित निकायसँग समन्वय गरी उक्त भवन कृषि ज्ञान केन्द्रलाई नै उपलब्ध हुने व्यवस्था मिलाइएको।

## २. पशुपन्छी क्षेत्र

### क. नीतिगत तथा कानूनी उपलब्धी

- प्राकृतिक विपद्बाट क्षती वेहोरेका कृषकहरुलाई क्षती भएका पशुपन्छी तथा मत्स्य संख्याका आधारमा अधिकतम तीन लाख रुपैयासम्म पुनर्स्थापना सहयोग उपलब्ध गराउन सकिने व्यवस्था मिलाई "व्यवसाय पुनर्स्थापना सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" संशोधन गरिएको।
- सहकारी मार्फत दूधको औपचारिक बजारीकरणमा संलग्न दूध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्न विगतको व्यवस्थामा

सुधार गरी प्रति लिटर दूध उत्पादन बापत अधिकतम रू.५ रूपैया उपलब्ध गराउने गरी "दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" संशोधन गरिएको।

- पशुमा लाग्ने महामारीजन्य रोगहरुको नियन्त्रणको लागि स्थानीय तहसँगको समन्वयमा नियमित खोप सेवा प्रवाह गर्ने कार्यलाई थप व्यवस्थित बनाउन "पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६" संशोधन गरिएको।
- मत्स्यपालनमा प्रयोग हुने विद्युत मिटरको महसुलमा निजी तथा साझेदारी फर्मले बढीमा रू.एक लाख र समुह वा सहकारीबाट सञ्चालित फर्मले बढीमा रू.तीन लाख अनुदान सहयोग प्राप्त गर्न सक्ने गरी "मत्स्यपालनमा प्रयोग हुने विद्युत मिटरको महसुलमा अनुदान सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" कार्यान्वयनमा ल्याइएको।
- ताल तथा रिजर्भ वायरमा मत्स्यपालन प्रोत्साहन गर्दै कृषि पर्यटन समेतको प्रवर्धनका लागि "ताल विशेष मत्स्य प्रवर्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" स्वीकृत गरिएको।
- गण्डकी प्रदेशका मध्यपहाडी लोक मार्गमा पर्ने सबै वडाहरुमा क्रमशः व्यावसायिक बाख्रापालन प्रवर्धन गर्दै जाने उद्देश्यले "लोकमार्ग कोरिडोर लक्षित मासु उत्पादनका लागि बाख्रा विकास कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१" स्वीकृत गरिएको। चालू आ.व. मा गोरखा जिल्लाबाट यस कार्यक्रमको पाइलटिङ सुरु गरिएको। यसको सिकाईका आधारमा थप परिमार्जित गर्दै आगामी आ.व. मा अन्य जिल्लाहरुमा विस्तार गर्दै लग्ने योजना रहेको।
- पशुपन्छी तथा मत्स्यपालनलाई नश्ल सुधार, आहारा विकास, पशु स्वास्थ्य संरक्षण मार्फत गुणस्तरीय पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको माग, आपूर्ति र बजारीकरण व्यवस्थापनका लागि "बृहत्तर पशु विकास प्रवर्धन कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१" स्वीकृत गरिएको।
- पशु पोषणको अवस्थामा सुधार ल्याई उत्पादन र उत्पादकत्व वृद्धि गर्न टी.एम.आर, साइलेज जस्ता पशु आहाराको खरिद तथा ढुवानीमा प्रोत्साहनको व्यवस्था गर्न "पशु आहारा खरिद

तथा ढुवानीमा अनुदान कार्यक्रम सञ्चालन मापदण्ड, २०८१" लागु गरिएको।

- खेतीयोग्य बाँझो जग्गाको सदुपयोग गरी घाँसेबाली प्रवर्धन मार्फत पशु आहाराको उपलब्धतालाइ थप व्यवस्थित बनाउन "बाझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन मापदण्ड, २०८०" संशोधन गरिएको।
- मत्स्य पोखरी निर्माण/सुधार, ह्याचरी तथा नर्सरी स्थापना, बजारीकरण सम्बन्धी कार्यहरूलाइ थप व्यवस्थित बनाउन "मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" संशोधन गरिएको।
- अस्वस्थ र वधका लागि अनुपयुक्त पशुको वधलाई निरूत्साहित गर्दै उपभोक्ताहरूलाई स्वच्छ, स्वस्थ्य र गुणस्तरीय मासु तथा मासुजन्य पदार्थहरूको उपलब्धतालाई थप व्यवस्थित बनाउन "सहकार्यमा वधस्थल निर्माण वा सुधार कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" संशोधन गरिएको।
- उपभोक्तालाई स्वच्छ र गुणस्तरीय माछामासु तथा माछा मासुजन्य पदार्थ र दूध तथा दूधजन्य पदार्थहरूको उपलब्धतालाई थप व्यवस्थित बनाउन "माछामासु तथा डेरी पसल निर्माण/सुधार सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७" संशोधन गरिएको।

## ख. कार्यक्रमगत उपलब्धी

- पशुमा खोप कार्यक्रमका लागि आवश्यक तयारी पूरा गरी हालसम्म ९६,२९६ डोज खोप लगाईएको। गाईभैसीं र बाख्रामा गरी २४,८६१ पटक कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको र ४,६७१ पटक उपचार सेवा प्रवाह गरिएको।
- व्यावसायिक कृषकको घरगोठमा नै पुगी थारो रहेका र पटक पटक कृत्रिम गर्भाधान गराउँदा पनि गर्भधारण हुन नसकी बाँझो भनी पहिचान भएका १५६ गाई भैंसीको बाँझोपन सम्बन्धी समस्याको उपचार गरिएको।
- गत आ.व.मा नश्ल सुधारका लागि वितरण गरिएका याकको वस्तुस्थिती बारे अनुगमन गरिएको। वितरित १९ याक मध्ये एकको मृत्यु भएको र एकको अवस्था अज्ञात रहेको पाइएको।

बाँकी १७ याकको स्वास्थ्य परीक्षण गरी याकको उचित व्यवस्थापनका लागि याकपालक कृषकहरुलाई अभिमूखीकरण गरिएको।

- आर्थिक क्षती गराउने दृष्टिले उच्च कोटीमा पर्ने र क्षती न्यूनीकरणका लागि प्राथमिकतामा राखिएका पिपिआर र खोरेत जस्ता रोगहरुको निगरानीका लागि सर्भिलेन्स प्लानको मस्यौदा तयार गरिएको।
- स्थानीयस्तरमा नै उन्नत नश्लका उच्च उत्पादन क्षमता भएका गाई भैंसीको सख्या बढाउनका लागि कृत्रिम गर्भाधानबाट जन्मिएका उन्नत नश्लका पाडी/बाच्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिएको।
- कुकुरको टोकाईबाट हुने रेविज रोगको अन्त्य गर्ने विश्वव्यापी अभियान अनुरुप सामुदायिक तथा घर पालुवा कुकुरहरुमा निशुल्क बन्ध्याकरण र खोप कार्यक्रम तथा स्कुल शिक्षा तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको।

## ३. सहकारी क्षेत्र

### क. ऐन, नीति निर्माण तथा संशोधन

- सहकारी ऐन, २०७५ संशोधनका लागि प्रकृया अगाडि बढाईएको।

### ख. कार्यक्रमगत उपलब्धी

- सुनौलो भविष्य बचत तथा ऋण सहकारी, लमजुङ, सिद्ध बहुउद्देश्यीय सहकारी, तनहुँ, सङ्घर्षशील बचत तथा ऋण सहकारी, कास्की र जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको डादी सेवा केन्द्र गरी ४ वटा सहकारी संस्थाको वित्तीय विश्लेषण सहित छानबिन गरिएको।
- गण्डकी प्रदेशको क्षेत्राधिकारभित्रका ९४३ वटा सहकारी मध्ये वर्तमान गण्डकी प्रदेश सरकारको १०० दिने अवधिमा २० वटा सहकारी संस्थाको सघन रूपमा अनुगमन नियमन गरिएको।
- १५ वटा  सहकारी सङ्घ संस्थाको प्रारम्भिक छानबिन तथा वित्तीय विश्लेषण भएकोमा ईमेज बचत तथा ऋण सहकारी संस्था लि., बागलुङ, मित्र मिलन बचत तथा ऋण सहकारी संस्था लि., कास्की,  प्राइम बहुउद्देश्यीय सहकारी संस्था लि., कास्की, छिपछिपे उपभोक्ता सहकारी संस्था लि., नवलपरासी (ब.सु.पू.), कालिका बचत तथा ऋण सहकारी संस्था लि.

लमजुङ, तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. पर्वत, ग्रामीण विकास कृषि सहकारी संस्था लि. पर्वत, विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि. कास्की, सूर्योदय बचत तथा ऋण सहकारी स्याङ्जाको वालिङ सेवा केन्द्र, नागढुङ्गा बचत तथा ऋण सहकारी, पर्वत गरी १० वटा सहकारी संस्थाबाट रकम अपचलन भएको छानबिन प्रतिवेदनबाट खुल्न आएकोले सहकारी ऐन, २०७४ को दफा १२९ एवं गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ८५ बमोजिम अनुसन्धान र आवश्यक कारबाहीका लागि लेखी पठाइएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान भई सम्मानित जिल्ला अदालतमा आरोपपत्र समेत दायर भएको छ।

- जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. लमजुङको डादी सेवा केन्द्रको रकम हिनामिनाको विषयमा जिल्ला प्रहरी कार्यालय, लमजुङमा अनुसन्धान भइरहेको छ । त्यसैगरी कुमारी बहुउद्देश्यीय सहकारी संस्था लि., म्याग्दी, सुनौलो भविष्य बचत तथा ऋण सहकारी संस्था लि., लमजुङ, सिद्ध बहुउद्देश्यीय सहकारी संस्था लि., तनहुँ र संघर्षशील बचत तथा ऋण सहकारी संस्था लि., कास्की गरी ४ वटा सहकारी संस्थाबाट रकम हिनामिना अपचलन भएको रकम असुल उपर गर्नका लागि ती सहकारी संस्थालाई समय दिइएको छ।
- सम्पर्कमा नरहेका ४२५ सहकारी मध्ये यस अवधिमा २५ वटा निष्क्रिय सहकारी पहिचान भएका। उक्त सहकारीहरूको अद्यावधिकका लागि ताकेता गरिएको।
- प्रचलित सहकारी ऐन, कानुन विपरीत सञ्चालन भएका ६ वटा सहकारीलाई जरिबाना गरी रु.७,२१,६००/- राजश्व दाखिला भएको।

## ४. भूमि व्यवस्थापनको क्षेत्र

### क. ऐन, नीति निर्माण तथा संशोधन

- संविधानले दिएको व्यवस्था अनुसार जग्गा व्यवस्थापना तथा अभिलेख गर्ने प्रयोजनका लागि प्रादेशिक भूमि विधेयकको मस्यौदा तयारीको चरणमा रहेको।
- कृषि भूमिमा लागत कम गरी उत्पादकत्व वृद्धि गर्नका लागि कृषि भूमिको विकासका लागि चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१ को मस्यौदा तयार गरिएको।
- कित्ता नापी नक्सामा बाटो लगत कट्टा गर्ने प्रयोजनार्थ कित्ता

नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक कार्यविधि, २०७६ संशोधनका लागि तयार गरिएको।

## ५. खाद्य सुरक्षा

### क. ऐन नीति निर्माण तथा संशोधन

- प्रदेश खाद्य सुरक्षा तथा स्वच्छता सम्बन्धी विधेयकको मस्यौदा तयार गरी सरोकारवालाहरुसँग छलफल गरिएको।

### क्षमता अभिवृद्धि सम्बन्धी कार्य

- गण्डकी प्रदेशमा स्थापना भएका निजी नर्सरी अनुगमन तथा फलफूलका बिरूवाको गुणस्तर सुनिश्चितताको लागि नर्सरी निरीक्षक तयार गरिएको।
- कृषि क्षेत्रमा भइरहेका क्रियाकलापहरू र प्रयोग भइरहेका नविनतम् प्रविधिहरूलाइ कृषक समक्ष प्रचार प्रसार गर्न एवं कृषकहरूका समस्यालाइ सम्बन्धित निकायसम्म पु¥याउने उद्देश्यले कृषि पत्रकारिता तालिम प्रदान गरिएको।
- गण्डकी प्रदेशमा पशु वधशाला र मासु जाँच ऐन कार्यान्वयन गर्ने गराउने वातावरण तयार गर्न प्रदेश र स्थानीय सेवामा कार्यरत १२ जना दर्तावाल पशु चिकित्सकहरुको मासु निरीक्षण सम्बन्धी क्षमता विकास गरिएको।
- चालु आ.व.मा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश र स्थानीय सेवाको कृषि सेवा, भेटेरिनरी, लापोडेडे र मत्स्य समुहमा सेवा प्रवेश गरेका चौंथो र पाँचौं तहका सबै प्राविधिक कर्मचारीहरुको सेवा प्रवेश अभिमुखीकरण तालिम मार्फत क्षमता अभिवृद्धि गरिएको।
- तनहुँ जिल्लाको भिमाद नगरपालिका र बन्दीपुर गाउँपालिकामा ७० जना सहकारी संस्थाका संचालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु र व्यवस्थापकहरु सहभागीतामा २ वटा तालिम सञ्चालन गरिएको।
- नवलपुर जिल्लाको मध्यविन्दु न.पा., बागलुङ जिल्लाको गलकोट न.पा., स्याङ्जा जिल्लाको गल्याङ न.पा. र लमजुङ जिल्लाको सुन्दरबजार न.पा.मा गरी चार वटा सहकारीता, सहकारी ऐन नियम अभिमुखीकरण गोष्ठी सहकारी संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु र

व्यवस्थापकहरु सहभागीतामा सञ्चालन।

- स्थानीय तहमा भूमि सम्बन्धी कार्य गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिएको।
- म्याग्दी जिल्लाको धवलागिरी गा.पा.मा सरोकारवालाहरुसँग को खाद्य सुरक्षाको विषयमा छलफल गरी स्थानीय खाद्य सुरक्षा समन्वय समिति गठनका लागि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतहरुसँग अन्तरक्रिया गरिएको।

## अनुगमन, निरीक्षण तथा निर्देशन

- कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्की, स्याङ्गजा, बागलुङ्, म्याग्दी, मुस्ताङ्ग, तनहुँ, नवलपरासी (ब.सु.पू.), र गोरखाका कार्यालयहरू तथा विभिन्न योजनाहरूको स्थलगत निरीक्षण एवं कृषकहरूसँग अन्तरक्रिया गरिएको।
- माटो तथा मल परीक्षण प्रयोगशाला, प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, बाली संरक्षण प्रयोगशाला, पोखराको स्थलगत निरीक्षण गरी कृषकहरूलाई सहज एवं चुस्त रूपमा सेवा प्रदानका लागि आवश्यक निर्देशन गरिएको।
- व्यवसायिक किट विकास केन्द्र, बन्दिपूर, बागवानी विकास श्रोत केन्द्र, पोखरा र कृषि विकास श्रोत केन्द्र, वालिङ्गको कार्यालय तथा उत्पादन फार्म स्थलगत निरीक्षण गरी तहाँ निकायहरूलाई उत्पादन एवं राजस्व अभिवृद्धि गर्नका लागि निर्देशन गरिएको।
- कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखराको स्थलगत निरीक्षण गरी क्षमता अभिवृद्धिमा जोड एवं बाँझो जमिनको सदुपयोग मार्फत कृषक तथा प्राविधिकहरूको सिकाई केन्द्रको रूपमा विकास गर्नका लागि निर्देशन गरिएको।
- कृषि तथा पशुपन्क्षी नियमन एकाइ, आबुखैरेनी, तनहुँको स्थलगत निरीक्षण गरी तथ्याङ्क सङ्कलनको कार्यलाई नियमित रूपमा सञ्चालन गर्ने तथा प्रयोगशालाको आवश्यक सुदृढीकरणका लागि निर्देशन गरिएको।




आ.व २०८१०८२ को प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी




कृषि ज्ञान केन्द्र मुस्ताङ




कृषि ज्ञान केन्द्र तनहुँ




कृषि ज्ञान केन्द्र, गोरखा




कृषि ज्ञान केन्द्र, कास्की




कृषि ज्ञान केन्द्र, स्याङ्जा



कृषि विकास स्रोत केन्द्र, स्याङ्जा



समुदाय स्तरमा प्रशोधनयोग्य/खायन आलु प्रबर्धन कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम



गण्डकी प्रदेशका सर्वहारा, सुकुम्बासी, दलीत र अव्यवस्थित बसोबास गरी बस्ने वर्गहरुको उत्थान र भूमिको उचित व्यवस्थापनका लागि नेपाल सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका माननीय मन्त्री बलराम अध



नेपाल सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री रामनाथ अधिकारी ज्यूसँग गण्डकी प्रदेशको समग्र कृषि क्षेत्रका समस्या र समाधानका विषयमा छलफल



## बागवानी विकास स्रोत केन्द्र पोखराको फलफूल नर्सरी घर अवलोकन



## गोरखाका कृषकले गरिरहनुभएको कागती खेती, माछा पालन लगायतको अवलोकन गर्दै ०२



मुस्ताङमा अवस्थित स्याउ फार्मको अवलोकन



भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बागलुङ



व्यवसायिक किट विकास स्रोत केन्द्र, बन्दीपुर, तनहुँ




बाली संरक्षण प्रयोगशाला, कास्की



प्राकृतिक विपत्तिका कारण क्षति बेहोर्नुपरेका मध्यविन्दु नगरपालिकाका कृषकसँग क्षतिबारे बुझ्दै



पोखरामा आयोजित पुष्प मेलामा पुष्पबारे जानकारी लिदै



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यूसँग गण्डकीका कृषि क्षेत्रसँग सम्बन्धित समस्या र समाधानबारे छलफल गर्दै



स्याउको सुकुटीका लागि ड्रायर मार्फत सुकाउनु अघि स्याउ तयार गरिदै




भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मुस्ताङ



मुस्ताङमा अवस्थित स्याउ फार्मको अवलोकन



संविधान दिवसको अवसरमा गण्डकी प्रदेश सरकारद्वारा आयोजित कार्यक्रममा



व्यवसायिक किट विकास स्रोत केन्द्र तनहुँस्थित उत्पादीत च्याउको बिउ(स्पन) बारे जानकारी लिदै



स्याङ्जास्थित सुन्तला बारीको अवलोकन गर्दै




स्याङ्जा शीत भण्डार




कृषि विकास राणनीति कार्यान्वयन समीक्षा एवं परिमार्जनका लागि प्रादेशिक अन्तर्क्रिया कार्यक्रम

# गण्डकी प्रदेश




## गण्डकी प्रदेश सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## पोखरा, नेपाल

: ०६१-४५७७०८ : prasan.molmacgandaki@gmail.com : molmac.gandaki.gov.np